# काठमाडौं महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ४) काठमाडौं, फागुन ९ गते, २०७७ साल (अतिरिक्ताङ्क ४

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम काठमाडौं महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७७ सालको ऐन नं. ६

### काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः** सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई काठमाडौं महानगरपालिकामा कामकाज गर्न खटिएपश्चात साबिकको महानगर सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका

कर्मचारीहरुको समायोजन नभएको कारण काठमाडौं महानगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखि विज्ञापन र बढुवा नहुँदा महानगर सेवाका कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी महानगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भई महानगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौं महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम **"काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७"** रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको काठमाडौं महानगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायवाट समायोजन नभई काठमाडौ महानगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले काठमाडौ महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"तोकिएको" वा "तोकिए वमोजिम"** भन्नाले यस ऐन र महानगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

(घ) **"नगर सभा"** भन्नाले काठमाडौ महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) **"महानगर सेवा"** भन्नाले काठमाडौ महानगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिकालाई सम्झनु पर्छ ।

(ज) **"स्थानीय कानुन"** भन्नाले काठमाडौं महानगरपालिकावाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

**३.** **महानगर सेवाका कर्मचारी समायोजन गर्ने**: (१) साविकको स्थानीय निकायको रुपमा महानगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई महानगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत महानगरपालिकामा कार्यरत महानगर सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम महानगर सेवाका कर्मचारीहरुको समायोजन देहाय वमोजिम हुनेछ :

| क्र. सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | कनिष्ठ सहायक | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | बरिष्ठ सहायक | |
| ४. | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ५. | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौं | सहायक निर्देशक | |
| ६. | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | उपनिर्देशक | |
| ७. | अधिकृतस्तर आठौ | अधिकृतस्तर नवौं | निर्देशक | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(५) यस दफा वमोजिम महानगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र

सुबिधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

४. **समायोजनको पत्र दिने:** (१) यस ऐन वमोजिम समायोजन भएपश्चात महानगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐन वमोजिम समायोजन भएपश्चात महानगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकनले निर्धारण गरेवमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

६. **समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा:** यस ऐन वमोजिम समायोजन भएका महानगर सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय कानुनले तोकेवमोजिम हुनेछ ।

७. **पुल दरवन्दी सम्वन्धी व्यवस्था:** दफा ३ वमोजिम समायोजन भएका महानगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत: पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणना: (१)** यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने:** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १
दफा ४ को उपदफा (२) सँग सम्वन्धित

**समायोजन पत्र**

पत्र सख्या :
चलानी न.

मिति.....................

श्री ...................
.........................
कर्मचारी संकेत नम्बर

विषयः **समायोजन गरिएको सम्वन्धमा** ।

कर्मचारी समायोजन ऐन, २०७५ र काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ बमोजिम .................................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई काठमाडौं महानगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **समायोजन पछिको विवरण** |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

................................
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा ।
श्री प्रदेश लोकसेवा आयोग, हेटौंडा ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री वित्त विभाग, काठमाडौ महानगरपालिका ।

प्रमाणीकरण मिति २०७७/११/०९

**आज्ञाले,**
**राजेश्वर ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मुल्य रू १०।-**
**गो.हु.द.नं. १६।२०६२।६३**